**मितिः २०८०।४।१० गते, समयः ११ वजे दिनको, बैठक संख्या**

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णयः** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २:** श्री सर्वोच्च अदालत काठमाण्डौंमा लिखित जवाफ पेश गर्ने सम्बन्धमा ।

**निर्णयः** देहायका रिट निवेदकहरुको मुद्धाको आदेशानुसारको समय भित्रै सम्बन्धित निकायमा लिखित जवाफ पेश गर्न तथा मुद्धा प्रतिरक्षाको जो जे आइपर्ने संपूर्ण कार्य व्यवस्थापन गर्ने यस कार्यालयका शिक्षा शाखा प्रमुख शाखा अधिकृत श्री हेमन्तराज पन्तलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

क. डेडेलधरा जिल्ला हाल अमरगढी नगरपालिका ५ बस्ने श्री मन्दोदरी भट्ट रिट निवेदक पक्ष भई यस नगरपालिकालाई विपक्षी वनाई श्री सर्वोच्च अदालत काठमाण्डौंमा उत्प्रेषण समेको रिट दिएकोले सम्मानित अदालतबाट म्याद प्राप्त भएकाले मुद्धा न. ०७९-WO-१४२० को मुद्धाको लिखित जवाफ पेश गर्ने ।

**प्रस्ताव नं. २:** चालु आवको बजेट तथा कार्यक्रम कार्यान्वयन ।

**निर्णयः** चालु आवको बजेट तथा कार्यक्रम कार्यतालिका अनुसार समयमै कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं. ३:** संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने ।

**निर्णयः** कार्यालयको संगठन तथा दरवन्दिको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न कार्यालयलाई सहमति दिने ।

**प्रस्ताव नं. ४:** वजार व्यवस्थापन सम्बन्धमा ।

**निर्णयः** यस नगरपालिका भित्रका व्यवसायहरुको दर्ता र नविकरण गर्ने कार्यलाई प्रभावकारी बनाउन देहायको समिति गठन गर्ने । समितिले आफ्नो कार्यको आफै व्वस्थित गर्नेछ ।

संयोजक श्री खेमराज भट्ट वडा, अध्यक्ष वडा नं १०

सदस्य सामाजिक विकास शाखा श्री लालबहादुर साउंद

सदस्य श्री राजश्व शाखा  सदस्य सचिव

**प्रस्ताव नं. ५:** सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप तथा कर्मचारी व्यवस्थापन ।

**निर्णयः** यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसंपादन मुल्यांकन गर्ने समय अवधि र सेवा प्रावहको अवस्थालाई मध्येनजर गरि सुशासन तथा संस्थागत विकास समितिमा छलफल समेत गर्ने गरि २०८० श्रावण मसान्त सम्म म्याद थप गर्ने । वडामा कार्यरत वडा सचिव, प्राविधिक कर्मचारीहरु र स्वास्थ्य तर्फका कर्मचारिहरुलाई आवस्यकता अनुसार परिचालन र हेरफेर गर्न कार्यालयलाई अनुमति दिने ।